# प्रदेश राजपत्र

प्रदेश नं. ७, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) धनगढी, कैलाली, असोज २५ गते, २०७५ साल (अतिरिक्ताङ्क ८

## भाग १

### प्रदेश सरकार
### आन्तरिक मामिला तथा कानून मन्त्रालय
### सुदूरपश्चिम प्रदेश धनगढी कैलाली

नेपालको संविधानको धारा १७६ बमोजिमको सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७५ सालको ऐन नं. १५**

**सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन (पहिलो संशोधन), २०७५ को दफा १० लाई संशोधन गर्ने सम्वन्धी ऐन**

**प्रस्तावनाः-** सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा १८७ को उपधारा २ बमोजिमको अधिकार प्रयोग गरी प्रदेश सभाले देहाय बमोजिमको यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :- (१) यस ऐनको नाम आर्थिक ऐन (पहिलो संशोधन), २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. आर्थिक ऐन, २०७५ को दफा १० मा संशोधन :-

आर्थिक ऐन, २०७५ (यस पछि मूल ऐन भनिएको) को दफा १० को उपदफा (१) को सट्टामा देहाय बमोजिमको व्यवस्था राखिएको छ ।

"(१) प्रदेश क्षेत्र भित्र संचालित उद्योग, व्यापार, व्यवसाय र सेवामा दर्ता र नविकरणका बखत अनुसूची ७ बमोजिमको प्रदेश सेवा शुल्क दस्तुर लाग्नेछ" ।

आर्थिक ऐन, २०७५ (यस पछि मूल ऐन भनिएको) को दफा १० को उपदफा (२) को सट्टामा देहाय बमोजिमको व्यवस्था राखिएको छ ।

"(२) कर प्रशासन जिल्ला स्थित घरेलु तथा साना उद्योग एवं वाणिज्य कार्यालयले गर्नेछ"।

आर्थिक ऐन, २०७५ (यस पछि मूल ऐन भनिएको) को दफा १० को उपदफा (३) को सट्टामा देहाय बमोजिमको व्यवस्था राखिएको छ ।

"(३) संकलन गरेको शुल्क संकलन गरेको दोस्रो दिन प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ" ।

प्रमाणीकरण मिति : २०७५।०६।२५ गते

**आज्ञाले,**
**वीरेन्द्र बहादुर के.सी**
**प्रदेश सरकारको नि.सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हृ.द.नं. १६।२०६२।६३